# भगवतीमाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कृषि विकाश शाखा
### पगनाथ,दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:- २०७६/०७७
चलानी नं.:-

(छाप: भगवतीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पगनाथ,दैलेख कर्णाली प्रदेश,नेपाल)

मिति:- २०७६/०८ /१२

सुचना! सुचना!! सुचना!!!

यस कार्यालयको आर्थिक वर्ष २०७६/०७७को वार्षिक स्वीकृत कार्यक्रम अनुसार साना सिचाई कार्यक्रम अन्तर्गत सिचाई पोखरी निर्माणमा ५० प्रतिशत अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुदा भगवतिमाई गाउपालिका अन्तर्गतका इच्छुक कृषक समुह,कृषि सहकारी बाट प्रस्ताव आव्हानको लागि यो सुचना प्रकाशित गरिएको छ ।यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र भगवतीमाई गाउँपालिकाको कार्यालय कृषि विकास शाखामा तपशिल अनुसारका कागजातहरु संलग्न राखि निवेदन दिन हुन जानकारी गराइन्छ ।यस सम्वन्धि थप जानकारीका लागि भगवतिमाई गाउँपालिका कृषि विकास शाखामा सर्म्पक गर्न सकिनेछ ।

**आवश्यक कागजात:**

१) सिचाई योजना माग गर्दा कृषक सहकारी संस्था, समुहको निर्णयको प्रतिलिपिकृषि सहकारी दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
२) सहकारीको हकमा लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।
३) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
४) उपलब्ध फाराममा माग भएको विवरणहरु पुर्ण रुपमा भरिएको हुनुपर्नेछ ।
५) वडा कार्यालयको सिफारीस संलग्न गर्नुपर्नेछ ।
६) कृषक समुह भन्नाले कृषि विकासको उद्देश्य अनुरुप सरकारी निकायहरुमा आधिकारीत रुपमा दर्ता भएका कृषक समुह वा उपभोक्ता सहकारी संस्थालाई जनाउनेछ ।
७) सहकारी संस्था भन्नाले कृषि सम्वन्धि काम गर्ने उद्देश्य सहित डिभिजन सहकारी वा सम्वन्धित तहमा विधिगत रुपमा दर्ता भएका सहकारी संस्थालाई जनाउनेछ ।
८)प्रस्तावना फाराम भगवतिमाई गाउपालिकाको कार्यालय कृषि विकास शाखामा प्राप्त गर्न सकिनेछ ।
९)निवेदन दिने अन्तिम दिन सार्वजनिक विदा परेको खण्डमा सो को भोलिपल्ट कार्यालय खुलेको दिन कार्यालय समय भित्र निवेदन पेश गर्न सकिनेछ ।
१०)निवेदन पेश गर्ने अवधि २०७६/८/१२ देखि २०७६/८/२६ सम्म रहनेछ ।

**तपशिल:**

**वित्तिय समानिकरण अन्तर्गत**

| क्र.स | कार्यक्रमको नाम | विनियोजित रकम | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | सिचाई पोखरी निर्माण ५० प्रतिशत अनुदान | ८,००,००० | ४ वटा | गाउँपालिका अन्तर्गतका सबै वडा । |

थप जानकारीको लागि कृषि विकाश शाखाको मो.नं.९८४८३९९६८८/९८६९४५२३६२ मा सर्म्पक राख्नुहोला ।

नोट:रित नपुगेको वा म्याद नाघि आएका निवेदनहरु उपर कुनै कार्यवाहि हुने छैन ।

.....................
**बखत बहादुर खड्का**
**प्रमुख प्रशासकिय अधिकृत**